# कार्यकारी समितिको (मिति २०७३।१०।१० गते ) ४१ औं बैठकका निर्णयहरु

१. प्राधिकरण अन्तर्गत रहेको केन्द्रीय गुनासो सुनुवाई समितिको मिति २०७३।१०।०९ को निर्णयानुसार यस समितिमा पेश हुन आएका संलग्न सूची अनुसारको लाभग्राहीमा पर्ने गुनासोहरु २,९५९, गैर लाभग्राहीमा पर्ने गुनासोहरु ५,१६२, फिल्ड सर्भेक्षण गर्नुपर्ने ३,९५९ र फिल्ड भेरीफिकेशन गर्नुपर्ने ८२३ गुनासोहरुको फर्छ्यौट गर्ने सम्बन्धी सिफारिस स्वीकृत गरी सो अनुरुप सम्बन्धित गा.वि.स. एवं नगरपालिकाहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने । फिल्ड सर्भेक्षण र फिल्ड भेरिफिकेशन कार्य हाल उपलब्ध जनशक्ति प्रयोग गरि सम्पन्न गर्न सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई जिम्मेवारी दिइसकिएकोमा अवश्यक समन्वय र सहयोगको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई र केन्द्रीय तथ्यांक विभागलाई अनुरोध गर्ने । यस कार्यको सहजिकरण राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिको सचिवालयले गर्ने ।

२. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन कार्यविधि, २०७३ बमोजिम गठित समितिको पूर्णताका लागि जैविक वातावरणीय विज्ञ तथा सामाजिक वातावरण विज्ञ ३-३ जना श्री जनसंख्या तथा वातावरण मन्त्रालयमा उपलब्ध रोस्टरबाट उपलब्ध गराइदिन उक्त मन्त्रायलाई अनुरोध गर्ने । साथै प्राधिकरणमा प्राप्त सामाजिक वातावरण विज्ञको व्यक्तिगत विवरण समेत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।

३. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन दफा (१४) तथा नियमावली, २०७२ नियम (८) बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा आवश्यक कर्मचारीहरु भर्ना गर्न सक्ने व्यवस्था रहेको र सो को प्रकृया अगाडी बढाउन प्रशासन बिद श्री प्रताप कुमार पाठक र प्राधिकरण कानून तथा फैशला कार्यान्वयन शाखाबाट आवश्यक गृहकार्य समेत भई सम्बन्धित महाशाखा प्रमुखको अध्यक्षतामा आवश्यक छलफल र परिमार्जन सहित प्रप्त भएको कर्मचारी व्यवस्थापन कार्यविधि, २०७३ को मस्यौदा यस समितिलाई प्राप्त भयो । सो सम्बन्धमा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियामवली २०७२ को नियम (८) को उप नियम (८) बमोजिमको पदपुर्ति समितिले नै कार्यविधि निर्धारण गर्ने गरी कार्य अघि बढाउने ।

४. गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२, दफा (९) बमोजिम सिफारिस भई आएको देहाय बमोजिमका विद्यालय पुनर्निर्माण संग सम्बन्धित परियोजनाहरु स्वीकृत गर्ने । ती विद्यालयहरु निर्माण गर्दा कम्तीमा शिक्षा मन्त्रालयको स्वीकृत मापदण्ड अनुसार गर्ने शर्त पालना गर्न लगाउने ।

| क्र.सं. | संस्थाको नाम | आयोजना कार्यान्वयन हुने स्थान | क्षेत्र | बजेट |
|---|---|---|---|---|
| १ | Fantastic Initiative | गजुरी-२ चालिसे, धादिङ्ग | विद्यालय भवन पुनर्निर्माण: १ वटा | रु.१७,८८,१७१।- |
| २ | श्री गाप सामुदायिक जागरण समाज | प्रोक-२ गाप, गोरखा | विद्यालय भवन पुनर्निर्माण: १ वटा (१७ कोठे दुई वटा बाथरुम र ७ वटा ट्वाइलेट सहित | रु.४,२२,२१,९६१।- |
| ३ | Good Neighbors International | गोरखा जिल्लाको फिनाम र आरुआर्वाङ्ग गाविस र पर्वत जिल्लाको क्याङ गाविस | विद्यालय भवन पुनर्निर्माण: ३ वटा (१० कोठे, ८ कोठे र ४ कोठे) | रु.५,७८,५३,८११।- |

५. विश्व विद्यालय तथा स्वायत्त संगठित संस्थाहरुलाई पुनर्निर्माणको लागि सशर्त अनुदान प्रदान गर्न सिफारिस समितिले पेश गरेको संलग्न बमोजिम कार्य पद्दति (Modality) लाई परिमार्जन गरी स्वीकृत गर्ने ।

६. विविध

पुनर्निर्माण कोष संचालन कार्यविधिलाई आवश्यक सुधारको लागि सिफारिश गर्न एक हप्ताको समयावधि सहित देहायको कार्यदल गठन गर्ने ।

| | | |
|---|---|---|
| कार्यकारी समिति सदस्य | श्री ध्रुव प्रसाद शर्मा | - संयोजक |
| सहसचिव | श्री जनार्दन गुरागाईं | - सदस्य |
| सहसचिव | श्री यामलाल भूसाल | - सदस्य |
| उपसचिव | श्री भीम प्रसाद रेग्मी | - सदस्य |
| प्रतिनिधी | श्री महालेखा नियन्त्रक कार्यालय | - सदस्य |
| उपसचिव | श्री धर्मराज कुइकेल | - सदस्य सचिव |

निर्णय नं. ५ संग सम्बन्धित कार्यपद्धति (Modality)

१. अनुदान शीर्षकबाट रकम जाने निकायहरुले Post Disaster Recovery Framework बमोजिमका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्न सकिने।

२. अनुदान शीर्षकबाट गएको रकमको सञ्चालन खाता अलगै खोली त्यसको लेखाङ्कन तथा लेखापरीक्षण छुट्टै गराउने ब्यवस्था गर्ने। आर्थिक बर्षको अन्त्यमा खर्च हुन नसकेको सबै रकम पुनर्निर्माण कोषमा दाखिला गर्नुपर्ने।

३. पुनर्निर्माण प्राधिकरणबाट अख्तियारी दिएको बजेट सशर्त पूँजीगत अनुदान शीर्षकमा मात्र दिइने र सो रकम भौतिक पूर्वाधारको पुनर्निर्माणमा मात्र खर्च गर्न पाउने गरी अख्तियारीमा स्पष्ट उल्लेख गरी पठाउने।

४. अख्तियारी प्राप्त भएको वा अर्थ मन्त्रालयबाट स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने तथा स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि बजेट निकासा नगरिने।

५. बुँदा नं २ बमोजिम अख्तियारी पठाइएको रकमको लेखाङ्कन र प्रतिवेदन प्रयोजनका लागि Line Ministry Budgeting Information System (LMBIS) को extended platform तयार गरी पारदर्शिता र वित्तीय अनुशासन कायम गर्ने कुरा सुनिश्चित गर्ने।

कार्यकारी समितिको (मिति २०७३।१०।१८ गते ) ४२ औं बैठकका निर्णयहरु

१. राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन तथा नियमावली, २०७२ र भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि २०७२ बमोजिम जोखिमयुक्त बस्ती स्थानान्तरण सम्बन्धी कार्य यथाशीघ्र अघि बढाउने प्रयोजनको लागि विभिन्न विकल्पहरु सहितको खाका (Modality) तयार गरी ७ दिन भित्र पेश गर्न कार्यकारी समितिका सदस्य श्री ध्रुव प्रसाद शर्माको संयोजकत्वमा देहाय बमोजिमको कार्य विधिगत शर्तहरु सहितको उपसमिति गठन गर्ने ।

**(क) उप–समितिको गठन**

१) श्री ध्रुवप्रसाद शर्मा, कार्यकारी समिति सदस्य, रा.पु.प्रा. –संयोजक

२) सहसचिव, श्री जनार्दन गुरागाई, रा.पु.प्रा. –सदस्य

३) प्रतिनिधि, शहरी विकास मन्त्रालय –सदस्य

४) प्रतिनिधि, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय –सदस्य

५) प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय –सदस्य

६) उपसचिव, कानून फैसला कार्यान्वयन शाखा, रा.पु.प्रा. –सदस्य

७) उपसचिव, श्री शिवराम गेलाल, रा.पु.प्रा. –सदस्य

८) सिडिई, श्री राजकाजी श्रेष्ठ, रा.पु.प्रा. –सदस्य

९) प्र.ना.अ. श्री कमल घिमिरे, रा.पु.प्रा. –सदस्य

सचिव

(ख) उपसमितिको कार्यविधिगत शर्तहरु

१. प्रचलित ऐन, नियम, संरचना, कार्यविधिको अध्ययन गरी जोखिमयुक्त बस्ती स्थानान्तरण सम्बन्धी कार्य राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाटै वा अन्य वैकल्पिक उपायबाट गर्ने सम्बन्धमा अध्ययन गरी सो को लागि उपयुक्त नीतिगत व्यवस्था प्रस्तावित गर्ने ।

२. उपर्युक्त कार्यको लागि आवश्यक पर्ने पूर्वाधारको विषयमा सिफारिश गर्ने ।

३. संस्थागत संरचनाको विषयमा राय उपलब्ध गराउने ।

४. केन्द्र र जिल्लामा संरचनाको खाका एवं कार्य पद्धतिको प्रस्ताव सहितको राय उपलब्ध गराउने ।

५. समितिले आफुले पत्र प्राप्त गरेको मितिले १ हप्ताको समय सीमाभित्र राय सुझाव सहितको प्रतिवेदन प्रमुख कार्यकारी अधिकृत समक्ष प्रस्तुत गर्ने ।

६. आवश्यक परेमा बैठकमा अन्य कर्मचारी वा विज्ञहरुलाई आमन्त्रण गर्न सकिने ।

७. उपसमितिलाई कार्यमा संलग्न भएबापत नियमानुसार बैठक भत्ता उपलब्ध गराउने ।

२. राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन तथा नियमावली, २०७२ बमोजिम पुरातात्विक महत्वका सम्पदा निर्माणमा तिव्रता ल्याउन सिंहदरवार लगायतका मौलिकता दर्शाउने धरोहरहरु परम्परागत सीप भएका कालिगढ र परम्परागत निर्माण सामग्री प्रयोग गर्दै चाँडो र विश्वासिलो रुपमा यथाशीघ्र पुनर्निर्माण सम्पन्न गर्न आवश्यक विधि एवं प्रक्रिया तय गरी ७ दिन भित्र पेश गर्न कार्यकारी समितिका सदस्य डा.श्री हरिराम पराजुली संयोजक र सम्वन्धित महाशाखा प्रमुख सदस्य सचिव रहने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, काठमाडौं महानगरपालिका का प्रतिनिधिहरु एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आर्थिक प्रशासन शाखा प्रमुख सहितको कार्यटोली गठन गर्ने । उक्त टोलीले आवश्यकता अनुसार विज्ञहरु वा कर्मचारीहरुलाई परामर्श वा सहयोगको लागि आमन्त्रण गर्न सक्ने छ ।

सचिव

३. पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि आवश्यक वनजन्य निर्माण सामग्री अभाव हुन नदिन टिम्बर कर्पोरेशन, सामुदायिक वन उपभोक्ता समिति महासंघ लगायत निजी क्षेत्रलाई समेत परिचालन गरी काठ अभाव देखिएका स्थानहरुमा भूकम्प पिडितलाई सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्न वन मन्त्रालयलाई अनुरोध गर्ने । सो को समन्वय सामाजिक परिचालन तथा व्यवस्थापन महाशाखा प्रमुखले गर्ने ।

४. संलग्न अनुसूची बमोजिम पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्वन्धी कार्यविधि, २०७२ र पुनर्निर्माण तथा पुनस्थापना सम्वन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ को संसोधन मस्यौदा स्वीकृत गर्ने ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

## पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७३

पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ मा संशोधन गर्न वान्छनीय भएकोले,

कार्यकारी समितिले देहायको कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७३** रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि (यसपछि मूल कार्यविधि भनिएको २०७३ को दफा ६ को उपदफा (३) मा संशोधन:** मूल कार्यविधिको दफा ६ को उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ

(ग) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिको सचिवालय ।

३. **मूल कार्यविधिको दफा ९ मा संशोधन:** मूल कार्यविधिको दफा ९ को-

(१) खण्ड (ख) को उपखण्ड (१) को देहाय (ङ) को सट्टा देहाय (ङ) राखिएको छ:

(ङ) जिल्ला समन्वय समितिको सचिवालयको कार्यालय प्रमुख ।

(२) खण्ड (ख) को उपखण्ड (३) को देहाय (ङ) को सट्टा देहाय (ङ) राखिएको छ:

(ङ) जिल्लास्तरबाट फर्छ्यौट भएका वा नभएका गुनासो कारण सहित केन्द्रीय गुनासो सुनुवाई समितिमा पठाउने र सो को जानकारी सम्बन्धित गा.वि.स./न.पा. लाई दिने ।

(३) खण्ड (ख) को उपखण्ड (४) को सट्टा देहायको (४) राखिएको छ:

(४) जिल्ला गुनासो सुनुवाई समितिको सचिवालय जिल्ला समन्वय समितिको सचिवालयमा रहने छ ।

(४) खण्ड (ख) को उपखण्ड (७) को शीर्ष वाक्यको सट्टा देहायको शीर्ष वाक्य राखिएको छ :

(७) जिल्ला गुनासो सुनुवाई समितिबाट राय प्रतिवेदन सहित प्राप्त गुनासोको सुनुवाई गर्न देहाय बमोजिमको केन्द्रीय गुनासो सुनुवाई समिति रहने छ :

(५) खण्ड (ख) को उपखण्ड (९) को देहाय (ङ) को बुँदा नम्बर (१) को सट्टा देहायको बुँदा नम्बर (१) राखिएको छ :

(१) गुनासो सुनुवाईको क्रममा व्यवस्थापकीय सूचना प्रणाली (MIS) को प्राविधिक विश्लेषण गरी देहाय अनुसार गर्नु पर्नेछ :

सचिव

(क) व्यवस्थापकीय सूचना प्रणाली (MIS) मा प्रविष्ठ भएको सूचना विश्लेषणबाट गुनासोकर्ता लाभग्राहीमा पर्ने नपर्ने जाँच गर्ने । यसरी जाँच गर्दा गुनासोकर्ताले भरेको गुनासो फाराममा उल्लेखित विवरण र व्यवस्थापकीय सूचना प्रणाली (MIS) मा प्रविष्ठ भएको सूचना परक भएको पाइएमा पुन: सर्वेक्षण गर्न लगाउने ।

(ख) व्यवस्थापकीय सूचना प्रणाली (MIS) को विश्लेषणबाट गुनासोकर्ता लाभग्राहीमा नपर्ने कारणहरु जस्तै: गुनासोकर्ताको अन्य स्थानमा बसोबासयोग्य घर भएको, गोठ,टहरा वा धनसार जस्ता संरचनामा पुगेको क्षतिलाई घरमा पुगेको क्षति भनी दावी गरेको देखिएमा त्यस्ता गुनासोकर्तालाई लाभग्राही सूचीमा नराख्ने ।

(ग) व्यवस्थापकीय सूचना प्रणाली (MIS) को विश्लेषणबाट क्षतिको तह १ वा क्षतिको तह २ को सामान्य प्राविधिक समाधान गरे हुने अवस्था देखिएको घरका घरधनी गुनासोकर्तालाई अनुदान नपाउने सूचीमा सूचिकृत गर्ने ।

(६) मूल कार्यविधिको गुनासो दर्ता फारामको खण्ड (क) को बुँदा नम्बर ७. पछि देहायको बुँदा नम्बर ८. थपिएको छ:

८. भूकम्पबाट क्षति पुगेका घरहरुको प्रवलीकरण वा मर्मत संभार गर्नु पर्ने ।

४. **रुपान्तरण:** मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका प्राधिकरणको उप क्षेत्रीय कार्यालय भन्ने शब्दहरुको सट्टा जिल्ला समन्वय समितिको सचिवालय भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

५. **खारेजी:** मूल कार्यविधिको दफा ६ को उपदफा (३) को खण्ड (घ), दफा ९ को खण्ड (ख) को उपखण्ड (३) को देहाय (च), दफा ९ को खण्ड (ख) को उपखण्ड (५), (६) र(९) को देहाय (ङ) (२) (३) (४) र दफा १० को उपदफा (२) खारेज गरिएको छ ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

**पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३**

पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,
२०७३ मा संशोधन गर्न वान्छनीय भएकोले,
कार्यकारी समितिले देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम **पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३** रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **<u>पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि (यसपछि मूल कार्यविधि भनिएको)</u>**
**<u>को दफा ७ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ७ को-

(१) उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (च१), (च२) र (च३) थपिएको छः

(च१) गैर सरकारी संस्थाहरुले प्राधिकरणमा त्रिपक्षीय सम्झौता गरेपछि सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको सचिवालयको समन्वयमा स्वीकृत प्रस्ताव बमोजिम आफ्नो कार्यक्रम अघि बढाउनु पर्नेछ ।

(च२) गैर सरकारी संस्थाहरुले यसरी कार्य शुरु गर्नु अघि जिल्ला समन्वय समितिको सचिवालयमा आफ्नो कार्यक्रम, कार्यक्रम सम्पन्न गर्ने अवधि, कामको प्रकृया लगायतका विषयमा छलफल गरी सचिवालयलाई विस्तृत जानकारी दिनु पर्नेछ

(च३) यस दफा बमोजिम अनुगमन गर्दा समयमा काम नगरेको वा स्वीकृत कार्यक्रम भन्दा फरक कार्यक्रम गरेको पाइएमा त्यस्ता गैर सरकारी संस्थालाई यस कार्यविधि बमोजिम कारवाही गरिनेछ ।

(२) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक व्यवस्था थपिएको छ :

तर कार्यकारी समितिले स्थान विशेषको आवश्यकता अनुसार कुनै संस्थालाई निजी आवास निर्माणको सम्बन्धमा विशेष व्यवस्था गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन ।

३. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधन</u>**: मूल कार्यविधिको दफा ११ को उपदफा (४) पछि देहायको उपदफा(४क.) थपिएको छः

(४क.) साझेदार संस्थाहरुले स्वीकृत परियोजना प्रस्ताव बमोजिम कार्यक्रम सञ्चालन गरे नगरेको सम्बन्धमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाउनु पर्नेछ ।

४. <u>रुपान्तरण</u>: मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका प्राधिकरणको उप क्षेत्रीय कार्यालय भन्ने शब्दहरुको सट्टा जिल्ला समन्वय समितिको सचिवालय भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

## कार्यकारी समितिको (मिति २०७३।१०।२१ गते ) ४३ औं बैठकका निर्णयहरु

१. केन्द्रीय आयोजना कार्यान्वयन इकाई (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय) बाट मिति २०७३।९।१९ को प.सं. २०७३/७४ च.नं. ३३६ प्राप्त पत्रानुसार भूकम्पले अति प्रभावित १४ जिल्लाको १९,८६६ जना लाभग्राहीको निजी आवास प्रबलीकरण गर्न सिफारिस भई संलग्न सूची अनुसार पेश हुन आएको नामावली स्वीकृत गरी सो अनुरुप सम्बन्धित गा.वि.स. एवं नगरपालिकाहरुमा नामावली प्रकाशन गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने ।

२. विविध

झुठ्ठा विवरण पेश गरी लाभग्राही सूचीमा नाम समावेश भई निजी आवास पुनर्निर्माण अनुदान रकम लिएका र लाभग्राही सूचीमा नाम सूचीकृत भएका व्यक्तिहरुलाई त्यसरी लिएको रकम फिर्ता गर्न तथा सूचीकृत नाम स्वयं हटाउन सूचित गर्ने र आवश्यक परे कानूनी कारवाहीको प्रक्रिया शुरु गर्ने ।

०७३/१०/२१

कार्यकारी समितिको (मिति २०७३।१०।२३ गते) ४४ औं बैठकका निर्णयहरु

१. विभिन्न विश्वविद्यालयको कुलपति समेत रहनु भएको सम्माननीय प्रधानमन्त्रीज्यूबाट विश्वविद्यालयहरुलाई निर्देशन भए बमोजिम विभिन्न विश्वविद्यालयमा इन्जिनियरिङ (सिभिल, आर्किटेक्चर आदि) अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई निजी आवास पुनर्निर्माण कार्यमा प्राविधिक सहयोग पुऱ्याउन स्वयंसेवकको रुपमा फिल्डमा खटाउन आवश्यक देखिएकोले नेपाल राष्ट्रिय विकास परिचालन पुस्तिका २०७३ ले तोके बमोजिम मासिक रु. १५०००।- देखि १८०००।- सम्म (जिल्लाको वर्गिकरण अनुसार) भत्ता र अर्थ मन्त्रालयले तोकेको मापदण्ड अनुसार फिल्ड सम्म जाने आउने बस भाडा बिमा बापतको रकम एकमुष्ट उपलब्ध गराउन तथा ७ दिन तालिमको लागि आवश्यक संलग्न अनुमानित बजेट बमोजिमको कार्यक्रमको लागि आवश्यक पर्ने रु. ११,८९,६२,७८०।- (अक्षरुपी एघार करोड उनानब्बे लाख बैसठ्ठी हजार सात सय असी रुपैया) अर्थ मन्त्रालयसँग माग गरी तत्काल कार्यक्रम संचालन गरी पुनर्निर्माणको काममा सहयोग गरिदिन त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र पोखरा विश्वविद्यालयलाई अनुरोध गर्ने ।

**ESTIMATED COST FOR ENGINEER MOBILIZATION AS NATIONAL VOLUNTEER**

| S.N. | Items | Amount |
|---|---|---|
| 1 | Estimated Cost for subistence, bus fare and insurance | 94,380,000.00 |
| 2 | Estimated Cost for Training | 24,582,780.00 |
| | **Grand Total** | **118,962,780.00** |

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

## कार्यकारी समितिको (मिति २०७३।१०।२५ गते ) ४५ औं बैठकका निर्णयहरु

१ एसियाकै ऐतिहासिक धरोहरका रुपमा रहेको सिंहदरवारको मौलिक संरचना जोगाउन आवश्यक भएकोले सिंहदरवारको पश्चिमी मोहडा तर्फको भागलाई संरक्षण / प्रवलीकरण गर्ने गरी कार्यकारी समितिका सदस्य डा. श्री हरिराम पराजुलीको संयोजकत्वमा निम्नानुसारको कार्यान्वयन उपसमिति गठन गर्ने, सो उपसमितिले सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (CLPIU) मार्फत गराइएको अध्ययन प्रतिवेदन समेतलाई सन्दर्भ सामग्रीको रुपमा लिई पुनर्निर्माणसँग सम्बन्धित गतिविधिहरु शुरु गर्ने ।

संयोजक - डा. हरिराम पराजुली

सदस्य - सहसचिव द्वारिका श्रेष्ठ, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सदस्य - महानिर्देशक, पुरातत्व विभाग

सदस्य - सदस्य सचिव, सिहदरवार पुनर्निर्माण समितिको सचिवालय

सदस्य - रोहित रंजितकार

सदस्य - सन्तोष श्रेष्ठ

सदस्य - रविन्द्र पुरी

माथि उल्लिखित उपसमितिले आवश्यकता अनुसार अन्य विज्ञहरु समेत वैठकमा आमन्त्रण गर्न सक्ने छ । साथै उल्लिखित उपसमितिको कार्यमा आवश्यकतानुसार राय सुझावका लागि निम्नानुसारको सल्लाहकार समिति समेत गठन गर्ने ।

प्रमुख कार्यकारी अधिकृत - अध्यक्ष

सदस्यहरु

१ डा. साफल्य आमात्य
२ भीम प्रसाद नेपाल
३ प्रा.डा. बीणा पौडेल
४ अम्बिका श्रेष्ठ
५ कनकमणी दीक्षित
६ शुक्रसागर श्रेष्ठ
७ विरेश साह
८ प्रा.डा.जगदीशचन्द्र रेग्मी
९ पदमसुन्दर जोशी
१० सागर समशेर राणा
११ शंकरनाथ रिमाल
१२ ज्ञानमणी नेपाल
१३ केदारभक्त माथेमा
१४ डिना वाड्देल
१५ फूल महमद (विरगंज)
१६ राजेन्द्र विम (जनकपुर)
१७ क्या. विजय लामा
१८ हरिवंश किरात
१९ नरबहादुर साउद ( मदनपुरस्कार बिजेता) नेपालगंज
२० डा. प्रेमनाथ मास्के
२१ डा.सुदर्शनराज तिवारी
२२ सूर्यभक्त सांगाछे
२३ डा. भरत शर्मा
२४ मनोहरलाल भण्डारी
२५ प्रा.डा.जीवराज पोखरेल
२६ प्रचण्डमान प्रधान
२७ आमोदमणी दीक्षित
२८ डा. सुनिलबाबु श्रेष्ठ
२९ डा. स्वर्णीम वाग्ले
३० वात्सायन